श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेड

कालोपुल-७, काठमाडौं, नेपाल

बलेफी ए खोला जलविद्युत आयोजना (२२.१४ मे.वा.) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

(प्रकाशित मितिः २०८३/०५/२४ गते)

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका र बलेफी गाउँपालिकामा श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेड कालोपुल-७, काठमाडौं, नेपाल फोन नं.: ०१-४५६२८४४, इमेलः s.lamichhane29@gmail.com
प्रस्तावको व्यहोरा	बलेफी ए खोला जलविद्युत आयोजना नदी प्रवाही (Run-of-River, RoR) प्रकारको आयोजना हो। यस आयोजनाको जडित क्षमता २२.१४ मेगावाट रहेको छ। प्रस्तावित आयोजनाको डिजाइन डिस्चार्ज ३२.४० घनमिटर प्रति सेकेण्ड र ग्रस हेड ८६ मि. रहेको छ। प्रस्तावित जलविद्युत आयोजनाको वार्षिक ऊर्जा उत्पादन १२५.३ गिगावाट आवर रहेको छ। आयोजनाको मुख्य संरचनाहरूमा बाँध, एप्रोच क्यानल, बालुवा थिग्राउने पोखरी, हेडरेस क्यानल, फोरबे, हेडरेस पाइप, सर्ज ट्यांक, पेनस्टक पाइप, विद्युतगृह, टेलेरेस, स्वीचयार्ड रहेका छन्। यस जलविद्युत आयोजनाबाट उत्पादन हुने २२.१४ मे.वा. विद्युतलाई सोही आयोजनाको स्वीचयार्डबाट करिब ९ कि.मि. लामो ३३ के.भी डबल सर्किट विद्युत प्रसारण लाइन मार्फत् बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका वडा नं. ४ मा अवस्थित नेपाल विद्युत प्राधिकरणको निर्माणाधीन पाङताङ सबस्टेसन (२२०/१३२/३३/११ के.भी.) मा जोडिने छ।
प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./वडा नं.	बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका वडा नं. १, २ र ५ र बलेफी गाउँपालिका वडा नं.१

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाताको नाम र ठेगाना
श्री मुनलाइट हाइड्रोपावर कम्पनी लिमिटेड कालोपुल-७, काठमाडौं, नेपाल फोन नं.: ०१-४५६२८४४ इमेलः s.lamichhane29@gmail.com	श्री इन्भइनर्जी विज प्रा.लि. बुद्धनगर, काठमाडौं, नेपाल सम्पर्क नं.: ९८०१०१०११६ ईमेलः info@invenerzi.com.np

Moonlight Hydropower Company Ltd. Kathmandu